जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २३३ २०७९ साल बैशाख ७ गते बुधबार (20 Apr. 2022 Wednesday) मूल्य रु. ५/-

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं।

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : स्थानीय तह निर्वाचन : उम्मेदवार... ३ पृष्ठमा : गठबन्धन टुटाउने षड्यन्त्र ... ३ पृष्ठमा चीनमा पुनःबढ्न थाले...

## जसपाबाट निर्वाचित गाउँपालिका अध्यक्षसहित दुई वडा अध्यक्ष काँग्रेसमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**
जनता समाजवादी पार्टीबाट सप्तरीको महादेवा गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित दिपककुमार यादव मंगलबार नेपाली काग्रेसमा प्रवेश गरेका छन् ।

जसपा मधेश प्रदेश कमिटिका सदस्य समेत रहेका उनीसँगै जसपा र स्वतन्त्रबाट जितेका दुई जना वडा अध्यक्षसहित विभिन्न पार्टी परित्याग गरि एक दर्जन स्थानिय नेता कार्यकर्ता काँग्रेसमा प्रवेश गरेका हुन् ।

प्रवेश गर्नेमा जसपाबाट वडा अध्यक्षमा निर्वाचित महादेवा गाउँपालिका वडा नं. ३ का अध्यक्ष अनिरुद्ध प्रसाद यादव र राजविराज वडा नं. ३ बाट स्वतन्त्र जितेका सुदर्शन प्रसाद सिंह रहेका छन् । यस्तै राजविराज वडा नं. ८ का कौशल कुमार दाससहितज्ञ विभिन्न पार्टी परित्याग गरि एक दर्जन व्यक्ति पार्टी प्रवेश गरेको काँग्रेस सप्तरीले जनाएको छ ।

राजविराजस्थित पार्टी कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रममा नवप्रवेशीहरुलाई काँग्रेसका केन्द्रिय सदस्य दिनेश कुमार यादव, जिल्ला सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिवद्वय सनत मण्डल, प्रभुनारायण चौधरी, क्षेत्रिय सभापति महानन्द यादव, नन्दकिशोर यादवलगायतले नवप्रवेशीहरुलाई फुलमाला अबिर लगाई स्वागत गरेका थिए ।

## भ्रष्टाचार मुक्त देश निर्माणका लागि राप्रपालाई एक मौका : अध्यक्ष लिङ्गदेन




**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्गदेनले निर्वाचनमा असल मान्छे र असल पार्टी नजितेसम्म मुलुकबाट भ्रष्टाचारको अन्त्य नहुने भन्दै उनले भ्रष्टाचार मुक्त देश निर्माणका लागि राप्रपालाई एक मौका दिन आग्रह

बाँकी अन्तिम पृष्ठमा

## रघु सिन्हा पुनः माओवादी केन्द्रमै फर्किए



**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**
पार्टीको गतिविधीबाट केही समयदेखी असन्तुष्ट रहेका सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका निवासी रघुकुमार सिन्हासहित डेढ सय जना मंगलबार पुनः नेकपा माओवादी केन्द्रमा फर्केका छन् ।

सो गाउँपालिकास्थित बेल्हामा मंगलवार आयोजित पार्टी प्रवेश कार्यक्रममा सिन्हासहित असर्फी यादव, रामेश्वर सरदार, महेश चौधरी, जगदीश झा, विनोद झा, कपिलदेव दास, शिवराम ठाकुर, रमेश सदा, कृष्णदेव महतोलगायत नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका हुन ।

पार्टी प्रवेश तथा सम्मान कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्ज अशोक कुमार मण्डल, मधेस प्रदेश सदस्य महेश प्रसाद यादव, पत्रकार देवराम यादवलगायतले अगामी बैशाख ३० गते हुने पालिका निर्वाचनमा नेकपा माओवादी केन्द्रका उम्मेदवारलाई विजयी गराउन पार्टीको गतिविधिको साथै चुनावी गतिविधि एकतावद्ध भएर अगाडी बढाउन पार्टी पक्तिलाई आग्रह गरेका छन् ।

## एमालेको घोषणापत्र अनुमोदन

काठमाडौं, ६ बैशाख (रासस) ।
आसन्न स्थानीय तहको निर्वाचनका लागि नेकपा (एमाले)ले जारी गर्ने घोषणापत्रको मस्यौदालाई पारित गरेको छ । पार्टीका अध्यक्षको निवास बालकोटमा सोमबार सम्पन्न बैठकले सो निर्णय गरेको पार्टीका उपमहासचिव पृथ्वीसुब्वा गुरुङले जानकारी दिनुभयो । घोषणापत्र तयारीका लागि पार्टीले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा समिति गठन गरेको थियो ।

एमालेले यही बैशाख ९ गते

बाँकी तीन पृष्ठमा

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था ।
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### चुनावी सरगर्मीसँगै पार्टी प्रवेश र परित्याग गर्नेको होडबाजी

स्थानिय तह निर्वाचनको मिति नजिकिदै जाँदा विभिन्न पार्टी परित्याग गर्ने र प्रवेश गर्ने होडबाजी चलेको छ। एक पार्टीबाट अर्को पार्टीमा असन्तुष्टी व्यक्त गर्दै धमाधम पार्टी प्रवेश गरिरहेका छन्। चुनावी सरगर्मीको समयमा निर्वाचित जनप्रतिनिधीहरु पनि पुरानो पार्टी परित्याग गरि पुनः मौका पाउने उद्देश्यका साथ नयाँ पार्टीमा प्रवेश गर्न तछाडमछाड गरिरहेका छन्। आफ्नो कार्यकाल सकिनै लाग्दा पुनः सोही पार्टीबाट दोहरिने सम्भावना नदेखेपछि धमाधम पार्टी परित्याग गरि अर्को पार्टीमा प्रवेश गर्दैछन्। पार्टी प्रवेश गराउने दलले पनि निर्वाचित भएकै उम्मेदवारलाई मौका दिने आश्वासन दिदै छन्। यसरी राजनीतिमा जे पनि सम्भव हुन्छ भन्ने कुरालाई प्रस्ट्याएको छ।

यस्ता परम्पराले पार्टीमा रहेर लामो समयदेखी योगदान दिएका नेता कार्यकर्ताहरुको मनोबलमा धक्का पुगेको छ। लामो समयदेखी पार्टीको वफादार सिपाही बन्दै आएकाहरुले मौका नपाउने देखिन्छन्। हुन त पार्टीले पनि पहिलो प्राथमिकतामा निर्वाचित जनप्रतिनिधिलाई नै राखेको देखिन्छ। जसरी पनि चुनावी नतिजा आफ्नो पोल्टोमा ल्याउन अहिले सम्पूर्ण दल लागिपरेका छन्। जसको पहिलो प्राथमिकतामा परेको पार्टी प्रवेश। यो लहर मुलुकको साना तथा ठूला दल सबैमा चलेको छ। साना दलबाट योग्य नेताहरुले आफू उम्मेदवार बन्न नपाउने भएपछि ठूला दलमा प्रवेश गर्दैछन् भने ठूला दलमा लागेका नेता कार्यकर्ताहरु आफूलाई पार्टीले वेवास्ता गरेको भन्दै सानो दलमा ठूलो पदका लागि प्रवेश गरिरहेको देखिन्छ।

स्थानिय तह निर्वाचन आउँदो बैशाखको ३० गते तोकिएको छ। त्यसभन्दा पहिलो बैशाख ११ र १२ गतेका लागि उम्मेदवारी मनोनयनको मिति तोकिएको छ। उम्मेदवारी मनोनयन भन्दा पहिला नै नेताहरु आफूलाई पायक पर्ने पार्टी खोज्दै प्रवेश र परित्याग गर्ने दाउमा रहेको देखिन्छन्। तसर्थ पार्टी प्रवेश गर्ने र गराउने भन्दा पनि योग्य नेता छान्ने काम पार्टीको शिर्षपंक्तिको रहेकोले यसलाई मध्य नजर गर्दै पार्टी प्रवेश गराउनेतर्फ ध्यान पुग्नु आवश्यक छ। अनिमात्र पार्टीमा रहेका अन्य नेता कार्यकर्ताहरुको मनोबल उच्च रहने र चुनावमा सकारात्मक परिणाम आउने सम्भावना हुन्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थानीय तह निर्वाचन : उम्मेदवार टुङ्गो लगाउन सकस

**राजु विश्वकर्मा**

जनकपुर, ६ वैशाख (रासस)।

स्थानीय तह निर्वाचनको मिति नजिकिँदै जाँदा पनि मधेस प्रदेशमा राजनीतिक दलले अझै उम्मेदवारको टुङ्गो लगाउन सकेका छैनन्। सत्ता साझेदार दलकाबीचमा चुनावी तालमेलमा सहमति जुटेपनि र आ आफ्ना पार्टीभित्र उम्मेदवार बन्ने आकाङ्क्षी बढी देखिएकाले उम्मेदवार छनोट गर्न दलहरूलाई सकस भइरहेको छ।

दलले उम्मेदवारको टुङ्गो लगाउन नसक्दा उम्मेदवारका आकाङ्क्षीहरू मात्र होइन, पार्टीका नेता कार्यकर्तासमेत अन्योलमा परेका छन्। "उम्मेदवारी मनोनयन दर्ता गराउने समय एक साताभन्दा पनि कम समय बाँकी छ तर अझै उम्मेदवारको टुङ्गो लगाउन नसक्दा हामी अन्योलमा छौँ," नेकपा (एमाले) का नेतृ अम्बिका विश्वकर्माले भन्नुभयो, "नगरपालिकाको उपप्रमुख पदका लागि मेरो नाम सिफारिस भएको छ तर पार्टीले अझै आधिकारिक निर्णय लिन नसक्दा अन्योलमा परेकी छु।" पार्टीले निर्णय नगरेकाले खुलेर उम्मेदवारका रूपमा जनतामाझ पुगेर प्रचार गर्न सकिरहेकी छुइन्, उहाँको भनाइ छ।

"पार्टीले उम्मेदवार छनोटको निर्णय लिन नसक्दा प्रचारप्रसारमा ढिलाइ भइरहेको छ," नेपाली कांग्रेस नेता काननकुमार चौधरीले भन्नुभयो, "पार्टीले उम्मेदवार टुङ्गो लगाउन ढिलाइ गर्दा न त उम्मेदवारका रूपमा खुलेर प्रचार गर्न सकिरहेको छु न त अन्य तयारी नै गर्न भ्याएको छु।" केवल अहिले पार्टीको निर्णय कुरेर बसिरहेको छु उहाँको कथन छ।

उहाँहरू मात्र होइन, अधिकांश दलबाट विभिन्न पदका आकाङ्क्षी उम्मेदवार पार्टीको निर्णय पर्खेर बसिरहेका छन्। यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि निर्वाचन आयोगले वैशाख ११ र १२ गते उम्मेदवारी मनोनयन दर्ताको समय निर्धारण गरेको छ। तर उम्मेदवारी मनोनयन दर्ताको समय एक साताभन्दा कम समय बाँकी रहँदा पनि राजनीतिक दलहरूले उम्मेदवार टुङ्गो लगाउन नसक्दा नेता कार्यकर्ताहरूमा अन्योलता मात्र बढ्को छैन गाउँगाउँमा चुनाबी माहोलसमेत बन्न नसकेको मतदाताहरू बताउँछन्।

सत्ता साझेदार दलहरू तालमेलको कसरमा जुटिरहँदा प्रतिपक्षी दल एमाले, लोकतान्त्रिक समाजवादी पार्टी तथा जनमत पार्टी उम्मेदवार छनोटको गृहकार्यमा जुटेका छन्। गठबन्धनभित्र चुनावी तालमेलमा अझै कुरा मिल्न नसक्दा कांग्रेस र जनता समाजवादी पार्टीले सिरहा, सप्तरी लगायतका जिल्लाहरूमा उम्मेदवार बिनै छुट्टाछुटै घरदैलो कार्यक्रम सुरु गरिसकेको छ भने गठबन्धनमा आबद्ध नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टी पनि आन्तरिक गृहकार्य गरिरहेको नेताहरूले बताएका छन्।

डा सिके राउत नेतृत्वको जनमत पार्टीले मात्र उम्मेदवारको टुङ्गो लगाएर उम्मेदवारहरूलाई टिकट वितरण गरेको छ। "मधेस प्रदेशका हरेक स्थानीय तहमा उम्मेदवारी दिने तयारी पार्टीको छ," जनमत पार्टीका नेता बिपी साहले भन्नुभयो, "पालिका समितिहरूबाट सिफारिस भएका उम्मेदवारहरूलाई टिकट वितरण गरिसकेको छ, वडाध्यक्षहरूको टिकट भोलिदेखि बाँड्ने तयारी गरेको छ।"

यसैबीच कांग्रेस र जसपाको पर्सा जिल्ला समितिले केही दिनअघि विज्ञप्ति जारी गरेरै पर्सा जिल्लाको स्थानीय तहहरूमा तालमेल नगर्ने र मित्रवत् रूपमा प्रतिस्पर्धा गर्ने निर्णय नै घोषणा गरिसकेको छ भने कांग्रेस लहान नगरसमितिले पनि वडा सभापतिहरूको रायअनुसार कुनै दलसँग गठनन्धन नगर्ने र एक्लै प्रतिष्पर्धामा जाने घोषणा गरिसकेको छ। "लहान नगरपालिकामा दलहरूबीच गठबन्धन हुने सम्भावना नदेखिएकाले हामी एक्लै चुनावी प्रतिस्पर्धामा जाने निष्कर्षका पुगेका छौँ," कांग्रेस लहान नगरसमितिका सभापति महेशप्रसाद चौधरीले भन्नुभयो, "पार्टीको नगर समितिको निर्णयअनुसार हामीले चुनाव प्रचारप्रसार सुरु गरिसकेका छौँ।"

कांग्रेस लहान नगर समितिले लहान नगरपालिकाको नगरप्रमुख र उपप्रमुखमा तीन/तीनजनाको नाम सिफारिस गरेको छ।

कांग्रेसले तालमेल नगर्ने निर्णय गरेपछि लहान नगरपालिकामा नेकपा (माओवादी केन्द्र), जसपा र नेकपा (एकीकृत समाजवादी)ले तालमेल गर्ने प्रयास गरेको छ।

यद्यपि अझै यस विषयमा ठोस निष्कर्षमा पुग्न नसकेको नेकपा एसका नेता सत्यनारायण यादवले बताउनुभयो। कूल ३३ लाख ३१ हजार १७० मतदाता रहेको मधेस प्रदेशमा स्थानीय तहको निर्वाचनका लागि चार हजार १९९ मतदात केन्द्र तोकिएको प्रदेश निर्वाचन कार्यालय जनकपुरधामले जनाएको छ।

### एमाले र लोसपा जितेको पालिकामा अनिवार्य तालमेल गर्ने गठबन्धनको निर्णय

सत्तारूढ गठबन्धनको मधेस प्रदेशस्तरीय बैठकले मधेस प्रदेशमा एमाले र लोकतान्त्रिक समाजवादी पार्टीले जितेको स्थानीय तहमा अनिवार्य रूपमा चुनावी तालमेल गर्ने निर्णय गरेको छ। गठबन्धनमा आबद्ध दलका प्रदेशस्तरीय नेताहरूको जनकपुरधाममा दुई दिनसम्म बसेको बैठकले मधेस प्रदेशमा एमाले र लोसपा जितेको गाउँ/नगर पालिकामा गठबन्धनमा आबद्ध दलहरूबीच तालमेल गर्ने निर्णय गरेको हो।

मधेस प्रदेशका बाँकी पालिकाहरूमा आवश्यकतानुसार गठबन्धन दलबीच तालमेल गर्ने सहमति भएको जसपा मधेस प्रदेशका मुख्यसचिव दिनेशकुमार यादवले जानकारी दिनुभयो।

मधेस प्रदेशका आठ जिल्लामा लोसपा र एमालेले ३३/३४ पालिकाहरूमा जितेको छ। दुवै पार्टीले जितेको स्थानीय तहमा जसरी पनि चुनावी तालमेल गर्ने र बाँकी पालिकाहरूमा आवश्यकता हेरी गठबन्धन गर्ने सहमत भएको उहाँले बताउनुभयो। गठबन्धनमा भागबन्डाबारे पालिकास्तरमै गठबन्धनका नेताहरूले निर्णय लिने सहमति बनेको उहाँको भनाइ छ।

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा तालमेलको गृहकार्यका लागि गठबन्धनले जिल्लाजिल्लामा प्रदेशस्तरीय नेतालाई पठाएको थियो। मधेस प्रदेशका आठ जिल्लामा १३६ वटा स्थानीय तह छन्।

### जनमत पार्टीद्वारा टिकट वितरण

आसन्न स्थानीय तह निर्वाचनका लागि डा सिके राउत नेतृत्वको जनमत पार्टीले मधेस प्रदेशका जिल्लामा रहेका पालिकाहरूको प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरूलाई टिकट वितरण गरेको छ।

*बाँकी तीन पृष्ठमा*

### हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको छ : प्रधानमन्त्री देउवा

काठमाडौँ, ६ वैशाख (रासस) ।

नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको बताउनुभएको छ । नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घको ५३ औँ वार्षिकोत्सवको अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा बोल्दै उहाँले गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको भन्दै यसप्रति सजग हुनुपर्ने बताउनुभएको हो ।

“गठबन्धनले कांग्रेसलाई फाइदा पुगेको छ, धेरै प्रदेशमा मुख्यमन्त्री र मन्त्री पाएका छौँ, कांग्रेसमा मैले राम्रो काम गरेजस्तो लाग्छ, गठबन्धन अहिले तोड्नु हुँदैन, निर्वाचनमा एक्लै कुनै पार्टीको बहुमत ल्याउने अवस्था छैन, त्यसैले गठबन्धनलाई अगाडि लिएर जानुपर्छ,” प्रधानमन्त्री देउवाले भन्नुभयो ।

सभापति देउवाले जबसम्म गाउँ र स्कूल तहमा नेविसङ्घ गठन हुन सक्दैन तबसम्म नेविसङ्घ बलियो हुन नसक्ने बताउनुभयो । “नेविसङ्घको सङ्गठन देशभरका कलेज र क्याम्पससम्म फैलिएको छ, तरपनि हामी किन स्ववियु निर्वाचनमा हारिरहेका छौँ, यसबारे नेविसङ्घ गम्भीर हुनुपर्छ, स्कूल जित्न सकेमात्र कलेज र क्याम्पसमा जित्न सक्छौँ ,” उहाँले भन्नुभयो । गाउँगाउँ र स्कूल स्कूलसम्म नेविसंघ बनाउन लाग्नुपर्ने उहाँको भनाइ थियो ।

सभापति देउवाले पार्टीभित्र भागवण्डामा झगडा हुने भएकाले नेविसङ्घका कार्यसमिति विस्तारमा समस्या हुने गरेको बताउनुभयो । उहाँले आफू नेविसङ्घको अध्यक्ष भएर प्रधानमन्त्री भएको बताउँदै अब मन्त्री, प्रधानमन्त्री र राष्ट्रपति बन्ने पालो युवा विद्यार्थीको भएको बताउनुभयो ।

“राजनीति गरेर मात्र अब चल्दैन पढाइसमेतमा योग्य हुनुपर्छ”, सभापति देउवाले भन्नुभयो । कांग्रेस एक भएर अगाडि बढे आगामी निर्वाचनमा कुनै शक्तिले हराउन नसक्ने दावी समेत उहाँले गर्नुभयो ।

स्थापना दिवसको उक्त कार्यक्रममा सभापति देउवाले नेविसङ्घका संस्थापक सभापति विपिन कोइराला, उपसभापति सनद रेग्मी, महामन्त्री टिका पोखरेल, सदस्य रामचन्द्र पौडेल, सुरेन्द्रबहादुर विष्ट, केदार न्यौपाने, भरत पाण्डे, दामोदर गौतम, चक्रराज पन्त, बसन्त गुरुङ, राजन्द्रबहादुर शाहलगायतलाई सम्मान गर्नुभएको थियो ।

# मानिस र जनावरको डिएनए परीक्षण

काठमाडौँ, ६ वैशाख (रासस) ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा चालु आवमा १५० मानवीय डिएनए र झण्डै १०० जनावरको डिएनए परीक्षण भएको छ ।

साउनदेखि यता ४५ मुद्दाका १५० नमूना परीक्षण गरिएको र जनावरको ८५ मुद्दाका एक सय नमूना परीक्षण भएको हो । खासगरी अदालतबाट आएका मुद्दामा मानिसको डिएनए परीक्षण हुने गरेको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिका डिएनए युनिटका प्रमुख निराजन थापा क्षेत्रीले बताउनुभयो ।

उहाँका अनुसार कतिपय व्यक्तिगतरूपमा पनि डिएनए परीक्षण गर्न आएपनि नगरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “व्यक्तिगतरूपमा गर्दा सामाजिकरूपमा समस्या आउनसक्ने देखिएकाले समितिले केही वर्ष पहिले निर्णय गरेर अहिले स्थगित गरिएको हो ।”

नेपाल प्रहरीले केही वर्ष पहिलेबाट आफ्नै प्रयोगशालामा डिएनए परीक्षण गर्दै आएको छ । प्रहरीले अनुसन्धानको क्रममा परीक्षण गर्छ भने अदालतमा पुगिसकेको मुद्दामा आवश्यक हुँदा समितिले परीक्षण गर्ने डिएनए युनिटका प्रमुख क्षेत्रीले बताउनुभयो । अदालत, नेपाल प्रहरी, ब्रिटिस गोर्खासम्बन्धी तथ्याङ्क राख्ने कार्यालय, अध्यागमन कार्यालयबाट नमूना आउने गरेको छ ।

खासगरी अंश मुद्दामा वा नाता कायम गर्ने नातामा डिएनए परीक्षण हुँदै आएको छ । मुद्दा जिल्ला, पुनरावेदन वा सर्वोच्च अदालतमा पुग्दा पनि परीक्षणका लागि आउने गरेको डिएनए युनिटका प्रमुख क्षेत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, “कहिलेकाहीँ जिल्लामा नै मुद्दा हुँदा परीक्षण हुन्छ भने कहिले पुनरावेदनका लागि माथिल्लो अदालतमा पुग्दा पनि आउने गरेको छ ।”

डिएनए परीक्षणका लागि गत आवमा १२८ मुद्दाका २४० नमूना प्राप्त भएकामा समितिले राय दिइसकेको छ । जैविक नाता कायमसम्बन्धी २३ मुद्दाका ६५ नमूना थियो । जनावरको प्रजाति पहिचानसम्बन्धी ९६ मुद्दामा १५३ नमूना परीक्षण गरिएको थियो । ६२ मुद्दाका १०२ नमूना वन्यजन्तुको मासु, हाड, दाँत, छाला, रौँ, पित्त, सिङ, खाग, कस्तुरी, बीना, रगत शङ्का गरेर परीक्षणका लागि ल्याइएको थियो । यी नमूना डिभिजन वन कार्यालय, प्रहरी कार्यालय, राजश्व अनुसन्धान विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, विभिन्न संरक्षण क्षेत्र, वन्यजन्तु आरक्ष, नगरपालिकाको कार्यालय, भेटेरिनरी अस्पताल र पशु सेवा कार्यालयबाट प्राप्त भएको थियो ।

प्रयोगशालाले जैविक नाता कायमसम्बन्धी एसटिआर एनालाइसिस र प्रजाति पहिचान डिएनए सिक्विन्सिङ प्रविधिमार्फत गरिँदै आएको छ । जनावर र मानिसको आठ वटासम्म नमूना एउटै प्रविधिबाट एउटै समयमा हुँदै आएको छ । सातामा दुई पटक परीक्षण गरिँदै आएको छ ।

### *एमालेको घोषणापत्र ...*

केन्द्रमा घोषणापत्र पालिकास्तरमा प्रतिबद्धतापत्र सार्वजनिक गर्ने छ । बैठकले पार्टीमा १२ विभाग थप गर्ने, सल्लाहकार परिषद्लाई विस्तार गरेर २७८ सम्पर्क समय कमिटीमा ५१ जना थप गर्ने भएको गुरुङले बतउनुभयो । बैठकले पार्टी पङ्क्तिलाई निर्वाचनमा केन्द्रित हुन पनि निर्देशन दिएको छ ।

### *स्थानीय तह ...*

पार्टी केन्द्रीय सचिवालयको कार्यालय जनकपुरधाममा प्रदेशका १३६ पालिकामध्ये ११० पालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरूलाई टिकट वितरण गरेको सो पार्टीका महासचिव चन्दन सिंहले जानकारी दिनुभयो ।

बाँकी २६ पालिकाहरूको प्रमुख र उपप्रमुखको टिकट मंगलबार पनि वितरण गर्ने र यही वैशाख ७ र ८ गते पालिकाका वडाध्यक्षको टिकट वितरण गरिने पार्टीले जनाएको छ ।

सबै पालिकाको उम्मेदवारहरूको चयन प्रक्रिया समाप्त भएपछि औपचारीकरुपमै सार्वजनिक गर्नका लागि आन्तरिक गृहकार्य थालिएको महासचिव सिंहको भनाइ छ ।

मधेस प्रदेश रहेको एक महानगर, तीन उपमहानगर र पालिकाहरूको उम्मेदवार सर्वसम्मतरुपमै टुङ्गो लागेको जनमत पार्टीले जनाएको छ ।

सुशासन र पारदर्शितामा जोड दिँदै आएको सो पार्टीले स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्नेहरूलाई उम्मेदवारी मनोनयन पत्र दिनुअघि पार्टीको अनुशासनमा बस्ने र भ्रष्टाचारमा संलग्न नहुने प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुपर्ने व्यवस्था गरेको छ । निर्वाचन लड्न उम्मेदवारहरूले निर्वाचन खर्च आफैँले बेहोर्नुपर्ने निर्णय पार्टीले गरिसकेको नेता साहले जानकारी दिनुभयो ।

राजनीतिक सहमतिको आधारमा मुलुक विखण्डनको मुद्दा छाडेर मूलधारको राजनीतिमा फर्केको पार्टीले मधेस प्रदेशका सबै पालिकाहरूमा उम्मेदवारी दिने जनाएको छ ।


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई**
**स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


## विश्व समाचार

# चीनमा पुन:बढ्न थाले कोरोना भाइरसका सङ्क्रमित

बेइजिङ, ६ वैशाख (रासस/सिन्ह्वा) ।

चीनमा केही दिनयता कोरोना भाइरसका सङ्क्रमितको संख्या बढ्न थालेको पाइएको छ । पछिल्लो केही दिनयता सङ्क्रमित व्यक्तिको संख्या बढ्न थालेको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले बताएका छन् ।

चीनका विभिन्न सहरमा कोरोना भाइरसका सङ्क्रमितको संख्या सोमबार मात्र तीन हजारभन्दा बढी पुगेको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन् ।

सोमबारको तथ्याङ्कअनुसार यहाँ तीन हजार २९७ जना कोरोना सङ्क्रमित देखिएका हुन् । तीमध्ये सबैभन्दा धेरै साङ्घाइ सहरमा पाइएको बताइएको छ ।

चीनको नेसनल हेल्थ कमिसनले सोमबार भेटिएका मध्येका तीन हजार ८४ साङ्घाइकै रहेका बताएको छ । यहाँ पछिल्लो समयमा साङ्घाइमा कोरोनाको सङ्क्रमण बढेको छ ।

त्यहाँ थप संख्यामा कोरोना भाइरसका सङ्क्रमित भेटिन थालेको चीनको नेशनल हेल्थ कमिसनले दिएको जानकारीमा जनाइएको छ ।

सो कमिसनका अनुसार चीनभित्रै सङ्क्रमित भएका व्यक्ति भेटिएका हुन् । यहाँ जिलिन, सांदोन, सान्सी प्रान्तका केही स्थानमा सङ्क्रमित पाइएका हुन् । यी सहरमध्ये सबैभन्दा बढी अहिले साङ्घाइमा भेटिएका छन् ।

चीनमा पछिल्लो समयमा सङ्क्रमित भेटिन थालेपछि यहाँको सरकारले कोरोनाबाट निको भएका नागरिकमा पनि पुन:स्वास्थ्य जाँच गर्न सुरु गरेको छ ।

# युक्रेनलाई मानवीय सहायता उपलब्ध गराउन संयुक्त राष्ट्रसंघको आग्रह

संयुक्त राष्ट्रसंघ, ६ वैशाख (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसंघले युक्रेनमा मानवीय सहायता उपलब्ध गराउन आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससले युक्रेनलाई मानवीय सहायता उपलब्ध गराउनका लागि आग्रह गर्नुभएको हो ।

युक्रेनमा रुसले आक्रमण गरेपछि भएको क्षतिको आङ्कलन भइरहेको र यहाँ मानिसहरुको उद्धार भइरहेको युक्रेनले जनाएको छ ।

यहाँ अप्ठेरोमा परेका नागरिकलाई उद्धार गर्न र आवश्यताअनुसारको मानवीय सहायता उपलब्ध गराउन उहाँले आग्रह गर्नुभएको हो ।

उहाँले विश्व समुदायलाई आवश्यक सहायता उपलब्ध गराउन र यहाँका नागरिकलाई आवश्यक परेको सहायाता वितरणको काममा कुनै अवरोध नगर्न पनि आग्रह गर्नुभएको हो ।

यहाँका कतिपय सहरमा नागरिक अप्ठेरोमा परेर बाँचिरहेकाले उनीहरुको सहायताका लागि महासचिव गुटेरेसले आग्रह गर्नुभएको हो ।

ती क्षेत्रमा उद्धारका कामका लागि तथा आवश्यक सहायता उपलब्ध गराउनका लागि पहल गर्न विश्व समुदाय समक्ष उहाँले आग्रह गर्नुभएको हो ।

# लिबिया समस्याको राजनीतिक समाधान खोज्न आग्रह

कायरो, ६ वैशाख (रासस/सिन्ह्वा) ।

लिबियाको सङ्कटको समाधान राजनीतिकरुपमा खोज्न संयुक्त राष्ट्रसंघले आग्रह गरेको छ ।

लिबियाका लागि संयुक्त राष्ट्रसंघका सल्लाहकार तथा दूत स्टेफान विलियम्सले लिबियामा पछिल्लो समयमा राजनीतिक सङ्कट बढ्दै गएकाले यसको राजनीतिक समाधान खोज्नुपर्नेमा जोड दिनुभएको हो ।

यहाँका राजनीतिक दलका साथै द्वन्द्वरत पक्षसँगको परामर्श बैठकमा उहाँले लिबियाको हाल बढ्दो सङ्कटको राजनीतिक समाधान खोज्न आग्रह गर्नुभएको हो ।

लिबियाको समस्याका विषयमा गत हप्ता कायरोमा बैठक भएको थियो । सो बैठकमा लिबियाका सबै राजनीतिक दलको सहभागितामा राष्ट्रिय सहमतिका बन्ने आधार देखिएकाले यसैका आधारमा अघि बढ्न उहाँले सुझाव दिनुभएको हो ।

# काबुलमा विस्फोटमा ६ को मृत्यु

काबुल, ६ वैशाख (रासस/एएनआई) ।

अफगानिस्तानको विद्यालयमा आक्रमणकारीले दुई विस्फोटन गराएका छन् । घटनामा परी कम्तीमा छ जनाको मृत्यु भएको र अरु केही घाइतेसमेत भएको अधिकारीले मङ्गलबार जानकारी दिएका छन् । काबुलको पश्चिमी क्षेत्रमा भएका विस्फोटनका घटना मध्ये पहिलो विस्फोटन मुम्ताज विद्यालयमा भएको हो ।

त्यसैगरी दोस्रो विस्फोटन भने राजधानी काबुलकै डाश्त ए बार्ची जिल्लामा भएको हो । त्यो पनि विद्यालय नजिकै भएको थियो । दुवै विस्फोटनका घटनामा परी घाइते भएकाको विभिन्न अस्पतालमा उपचार भइरहेको अधिकारीले जनाएका छन् ।


**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# नेविसंघको स्थापना दिवसमा बिरामीलाई फलफुल



**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

नेविसंघ सप्तरीले दीप प्रज्वलन तथा बिरामीलाई फलफूल बितरण गरि आफ्नो ५३ औं स्थापना दिवस मनाएको छ ।

मंगलबार स्थानीय नेता चौकमा दीप प्रज्वलन तथा गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना भएका बिरामीहरुलाई फलफुल बितरण गरी संघले स्थापना दिवस मनाएको हो ।

नेवि संघ सप्तरीका सभापति घनानन्द यादव, सचिव रमानन्द देव, काँग्रेसका जिल्ला सचिव सनत मण्डल, यूवा नेता शम्भुलाल देव, मो. इर्साद अन्सारी, मो. शविर आलमको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

---

## *भ्रष्टाचार मुक्त...*

गरेका छन् ।

राजविराजमा मंगलबार आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले भ्रष्टाचारले देश बर्वाद भएको भन्दै राप्रपाले भ्रष्टाचारलाई शुन्यमा झार्ने र भ्रष्टाचारीलाई जेलमा पुर्‍याउने पहिलो काम गर्ने उद्‌घोष समेत गरे ।

उनले भ्रष्टाचार मुक्त देश निर्माण गर्न स्थानिय तहले पनि महत्वपूर्ण भूमिका निर्वाहा गर्नु पर्नेमा जोड दिदै स्थानिय तहमा राप्रपाको उम्मेदवार हुनेले एक हातमा भ्रष्टाचार नगर्ने सपथपत्र बुझाएपछि अर्को हातमा टिकट पाउने बताए । राप्रपा जिते कक्षा १२ सम्म निशुल्क शिक्षा दिने पनि लिङ्गदेनले भनाई छ ।

पार्टी प्रवेशको सार्वजनिक आह्वान गरेको सो कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि दुई सय भन्दा बढीलाई लिङ्गदेनले पार्टी प्रवेश गराउँदै फुलमाला अविर लगाएर स्वागत गरे ।

राप्रपाका जिल्ला अध्यक्ष उमदेश्वर साहको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रिय सदस्य महामाया प्रसाद सिंह, उमेश प्रसाद साहलगायतले पनि बोल्दै राजासहितको हिन्दु राष्ट्रमा जोड दिएका थिए ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**


# कुटपिट मुद्दामा १८ वर्षपछि फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

कुटपिट मुद्दामा कैद सजाय पाएर १८ वर्षदेखी फरार एक अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको राजगढ गाउँपालिका ३ निवासी ५२ वर्षिय हरिनारायण साह हलुवाई छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार बौजन खंग खत्वेको जाहेरीले साविकको नर्घो गाबिस वडा नं. ८ हाल राजगढ गाउँपालिका ३ निवासी हलुवाई कुटपिटमाथी कुटपिट मुद्दा दायर गरिएको थियो । अदालतको फैसला आएपछि उनी फरार भएका थिए ।

हलुवाईलाई सप्तरी जिल्ला अदालतद्वारा २०६० साल मंसिर २५ गतेको फैसलाले ६ महिना कैद र २ हजार जरिवाना तोकिएको थियो ।

खोजतलासकै क्रममा मंगलबार गाउँ घरमै लुकिछिपी बसेको अवस्थामा पक्राउ गरि जिल्ला अदालतमा उपस्थित गराउदा आदेशानुसार कैद भुक्तानका लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## टाईफाइड रोग विरुद्ध खोप अभियान २०७८/०७९

सप्तरी जिल्लामा यहि मिति २०७८ साल चैत महिना २६ गतेदेखि सबै वडा र स्थानिय तहमा टाईफाइड रोग विरुद्धको खोप अभियान संचालन हुदैछ । यस अभियानमा १५ महिनादेखि १५ वर्ष मुनि उमेर सम्मका सबै बालबालिकाहरुलाई टाईफाइड रोग विरुद्धको खोप लगाईदैछ । यस अभियानमा आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर नछुटाई टाईफाइड रोग विरुद्धको खोप लगाउनु हुन अनुरोध छ । यो अभियान तोकिएको मितिमा आफ्नो स्थानिय तह वा वडा अन्तर्गतको विद्यालय तथा स्वास्थ्य संस्थामा संचालन हुने खोप केन्द्रमा बालबालिकालाई खोप लगाऔं ।

**अभियान संचालन हुने गाउँपालिका र नगरपालिकाको नाम र मिति :**

**पहिलो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | डाकनेश्वरी नगरपालिका | २०७८/११/२६ गतेदेखि २०७८/११/३० गते सम्म |
| २ | राजगढ गाउँपालिका | |
| ३ | छिन्नमस्ता गाउँपालिका | |
| ४ | बोदेबरसाइन नगरपालिका | |
| ५ | सुरुङ्गा नगरपालिका | |
| ६ | विष्णुपुर गाउँपालिका | |
| ७ | खडक नगरपालिका | |
| ८ | वलान बिहुल गाउँपालिका | |
| ९ | शम्भुनाथ नगरपालिका | |

**दोश्रो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | कन्चनरुप नगरपालिका | २०७९/०१/०४ गतेदेखि २०७९/०१/०८ गते सम्म |
| २ | राजविरान नगरपालिका | |
| ३ | हनुमाननगर ककांलिनी नगरपालिका | |
| ४ | सप्तकोशी नगरपालिका | |
| ५ | अग्निसाइर कृष्णसवरण गउँपालिका | |
| ६ | तिरहुत गाउँपालिका | |
| ७ | तिलाठी कोइलाडी गाउँपालिका | |
| ८ | महादेवा गाउँपालिका | |
| ९ | रुपनी गाउँपालिका | |

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय सप्तरी**



## हावाहुरीबाट बचौं र बचाऔं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतमा गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*